आज मिति २०७८ साल बैशाख २४ गते दिनका ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को दशौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गन्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री केशवराज पार्धे | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | नुमाकान्त कालाथोकी | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

गुणेन्द्र घर्ती
अध्यक्ष

## दशौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव माग सम्बन्धमा ।
२) कोभिड नियन्त्रण तथा रोकथाम सम्बन्धमा ।
३) १५ शैयाको अस्पताल निर्माणका लागि जग्गा छनौट सम्बन्धमा ।
४) कोशेलि घर अनुदान सम्बन्धमा ।
५) रोजगार कार्यक्रममा बैकल्पिक वेरोजगार व्यक्ति तथा योजनाहरुलाई अनुमोदन गर्ने सम्बन्धमा ।
६) विविध छलफल सम्बन्धमा ।

### २०७८ बैशाख २४ गते बसेको दशौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव माग सम्बन्धमा । | यस गाउँपालिकामा आवश्यक रहेका आयोजना तथा कार्यक्रमका लागि प्रदेश सरकारसँग समपूरक अनुदानका आयोजना तथा कार्यक्रमहरुका लागि प्रस्ताव माग गर्न आवश्यक रहेको । | लुम्बिनी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय, (वित्त व्यवस्थापन महाशाखा)को पत्र संख्या २०७७/०७८, चलानी नं. १२६४ को पत्रानुसार यस गाउँपालिका अन्तर्गत आगामी आ.व.मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गर्ने भनि पत्र प्राप्त भएको हुदाँ अनुसूची-१, बमोजिमका आयोजना तथा कार्यक्रमहरु माग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | कोभिड नियन्त्रण तथा रोकथाम सम्बन्धमा । | कोभिड-१९ को दोश्रो लहर (भेरियन्ट) बढ्दै गइरहेको हुदाँ यसको रोकथाम तथा नियन्त्रण गर्ने । | कोभिड-१९ दोश्रो लहर (भेरियन्ट) बढ्दै गइरहेको अवस्थामा यसको रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिका स्तरीय अनुगमन, निरिक्षण तथा व्यवस्थापनका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा कोभिड-१९ रोकथाम तथा नियन्त्रण समिति गठन गर्ने, सवै वडाहरुमा वडा अध्यक्षहरुको नेतृत्वमा वडा स्तरीय कोभिड-१९ रोकथाम तथा नियन्त्रण समिति गठन गर्ने र वडा समितिका सदस्यहरुले आ-आफ्नो कलष्टरमा कोभिड-१९ रोकथाम तथा सुधार समिति गठन गरि आ-आफ्नो भुमिकाहरुलाई सक्रियता पूर्वक लागु गर्ने तथा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्रि खरिद तथा व्यवस्थापन गाउँपालिका कार्यालयलाई जिम्मा दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | १५ शैयाको अस्पताल निर्माणका लागि जग्गा छनौट सम्बन्धमा । | १५ शैया अस्पताल निर्माणका लागि जग्गा छनौट गरि प्रकृया अगाडि बढाउन आवश्यक रहेको । | १५ शैयाको अस्पत्ताल निर्माणका लागि निशुल्क जग्गा प्राप्त गर्न गठित कार्यदलबाट प्राप्त प्रतिवेदनका आधारमा वडा नं. ४ को छिर्नेमा रहेको जग्गा तथा वडा नं. २ खुंग्रीमा रहेको जग्गा प्रारम्भिक रुपमा उपयुक्त देखिएकाले सरकारी कार्यालयहरुले निशुल्क जग्गा प्राप्त गर्नका लागि प्रमुख जिल्ला अधिकारीज्युको नेतृत्वमा रहेको समितिसंग समन्वय गरी उपयुक्त देखिएको जग्गा प्राप्त गर्ने प्रक्रिया अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | कोशेलि घर अनुदान सम्बन्धमा । | कोशिलि घर निर्माण तथा सञ्चालनु प्रकृया अगाडि बढाउन आवश्यक रहेको । | मिति २०७७/१०/२१ गतेको छैठौ गाउँ कार्यपालिका बैठकबाट वडा नं. २ अवस्थीत चतुर्भूज मन्दिर आसपास क्षेत्रमा रहेको जग्गामा कोशेली घर निर्माण गर्ने भन्ने निर्णय बमोजिम मिति २०७७/१२/०२ गतेका दिन प्रश्ताव आह्वान सम्बन्धि सुचना अनुसार आपफेद कृषि तथा पशुपंक्षि फर्म, सुनिलस्मृति गाउँपालिका वडा नं. ३ को मात्र प्रस्ताव पेश भएकोमा वडा नं. २ खुंग्रिमा कोशेली घर सञ्चालनका लागि कुनै कृषि फर्म इच्छुक भए नभएको वडा नं. २ लाई जानकारी गराइ १ हप्ता भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न आह्वान गर्ने सो समयमा पनि प्रस्ताव पेश नभएमा आपफेद कृषि तथा पशुपंक्षि फर्मसँग संझौता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | रोजगार कार्यक्रममा बैकल्पिक वेरोजगार व्यक्ति तथा योजनाहरुलाई अनुमोदन गर्ने सम्बन्धमा । | रोजगार कार्यक्रमका लागि बैकल्पिक वेरोजगार व्यक्ति तथा योजनाहरुलाई अनुमोदन गर्नुपर्ने । | चालु आ.व.मा रोजगार कार्यक्रम अन्तर्गत बैकल्पिक वेरोजगार व्यक्ति तथा सञ्चालित अनुसूची-२, बमोजिमका योजनाहरुलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>**क)** प्रसंशा पत्र प्रदान सम्बन्धमा । | **क)** कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि सहयोग गर्नुहुने व्यक्तिहरुलाई आगामी गाउँसभाबाट प्रसंशा पत्र प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

**स्थानीय तह र प्रदेश सरकारको लागत साझेदारीमा कार्यान्वयन हूने समपूरक अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव माग**

अनुसूची-१

| आयोजनाको नाम | कुल लागत अनुमान | आ.व. २०७७/०७८ मा लागत सहभागिताको अंश | | | आयोजनाको समयावधि र शुरुवात (आ.व.मा) | आयोजनाको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रदेश सरकार | स्थानीय तह | | भौतिक | वित्तीय | |
| फुसको छानो विस्थापनका लागि जस्तापाता खरिद तथा वितरण | १००००००० | १००००००० | ५०००००० | ५०००००० | २०७४/०७५ | | | सालवसाली |
| सुलिचौर तेबाङ जोड्ने जुतुङ खोला पक्कि पूल | ४४४२३७२८।७४ | ४४४२३७२८।७४ | १००००००० | १००००००० | २०७७/०७८-२०७९/०८० | | | वहुवर्षिय |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
रोजगार कार्यक्रम
अनुसूची-२

| वडाहरु | योजनाको नाम | जम्मा लेबर | दैनिक दर | जम्मा दिन | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | | | | | |
| क | नेपाले आप डाडा दलित बस्ति हुदै तुसारपानी गोरेटो बाटो निर्माण योजना | ९ | ५१७ | १०० | ४६५३०० |
| ३ | | | | | |
| क | हर्रेधारा कल्लेरी देखि भन्ज्याङखोला सम्म गोरेटो बाटो निर्माण | ७ | ५१७ | १०० | ३६१९०० |
| ४ | | | | | |
| क | भावाने गुफा जाने गोरेटो बाटो निर्माण | ५ | ५१७ | १०० | २५८५०० |
| ख | सुलिचौर धनमुदा हुदै बाग्मा जाने गोरेटो बाटो निर्माण | ३ | ५१७ | १०० | १५५१०० |
| ६ | सुख्खाखोला कलोमोहोर पातलोखोला घोरेटो बाटो मर्मत | ४ | ५१७ | १०० | २०६८०० |
| | जम्मा सबै वडा हरुको | २८ | | | १४४७६०० |

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत